# दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं,

वागमति प्रदेश, नेपाल

## सेवा करारमा लिने सम्बन्धी सूचना

(संसोधित सूचना प्रकाशित मिति : २०७६/१०/०७)

यस दक्षिणकाली नगरपालिकाको लागि मिति २०७६/०६/१० गते प्रकाशित प्राविधिक कर्मचारीको सेवा करारमा लिने सम्वन्धि सूचना वमोजिम असिष्टेन्ट सव- इन्जिनियर सिभिल आवश्यक संख्या ५ जना माग गरिएकोमा सो संख्यालाई संसोधन गरि सिभिल तर्फ संख्या ४ र आर्किटेक्ट तर्फ संख्या १ गरि जम्मा संख्या ५ कायम गरिएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) औं दिनको कार्यालय समय भित्र दक्षिणकाली नगरपालिकाको राजश्व खाता नं. १२३०४०३८३०२ मा राजश्व तिरेको रसिद सहित यस नगरपालिकामा दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु तथा अन्तरवार्ता सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.dakshinkalimun.gov.npबाट उपलब्ध हुनेछ ।

**तपसिल**

| क्र. सं | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | मासिक तलव स्केल | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०४/२०७६/१०/०७ | सव- इन्जिनियर सिभिल | सहायक स्तर पाचौ | १ | न.पा.ले तोके वमोजिम | ४००/- |
| २. | ०५/२०७६/१०/०७ | असिष्टेन्ट सव- इन्जिनियर सिभिल | सहायक स्तर चौथौ | ४ | न.पा.ले तोके वमोजिम | ३००/- |
| ३. | ०६/२०७६/१०/०७ | असिष्टेन्ट सव- इन्जिनियर आर्किटेक्ट | सहायक स्तर चौथौ | १ | न.पा.ले तोके वमोजिम | ३००/- |

(दिपक कुमार के.सी.)

प्रमुख प्रशासकीय अधिकृत

**क)शैक्षिक योग्यता र अनुभव :**

१. नेपाली नागरिक हुनु पर्नेछ ।

२. क्र.स. १ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा सिभिल ईन्जिनियरिङ्ग विषमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

३. क्र.स. २-३ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सी. वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट टि.एस.एल.सी. उत्तीर्ण गरेको हुनुपर्नेछ ।

४. पुरुषको हकमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

४. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्नेछ ।

**ख) दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :**

१.उम्मेद्वारको व्यक्तिगत विवरण (BIO-DATA),

२.शैक्षिक योग्यताको प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

३.अनुभवको प्रमाणपत्रको प्रतिलिपी.

४.पेश गरिने सबै कागजातको प्रतिलिपीमा पछाडी उम्मेद्वार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित प्रतिलिपि,

५.समकक्षता चाहिनेको हकमा समकक्षता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

६.पहिलेको मितिमा दरखास्त पेश गरिसकेकाहरुको हकमा माथि उल्लेखित कागजातहरु छुटेको भए उल्लेखित मिति भित्र अनिवार्य पेश गर्नपर्नेछ ।

**ग) परीक्षा किसिम :**

संक्षिप्त सूची प्रकाशन र सम्पर्क मिति : २०७६/१०/१४ गते

र अन्तरवार्ता मिति : २०७६/१०/१५ गते

**घ) आवेदन दिने तरिका :** आवश्यक कागजात सहित तोकिएको शुल्क राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखामा खोलिएको यस नगरपालिकाको राजश्व खाता नं. १२००३०४०३८३०२ मा जम्मा गरि सक्कल भौचर अथवा नगरपालिकाको राजश्व शाखामा नगद तिरी प्राप्त नगदी रसिदको सक्कल संलग्न राखी दरखास्त फारम भरी आवेदक स्वयम्ले आवेदन दिनु पर्नेछ ।

**ङ)अन्य:**

१. कर्मचारी छनौट गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार दक्षिणकाली नगरपालिकामा निहित हुनेछ ।

२. सव- इन्जिनियर सिभिल, असिष्टेन्ट सव- इन्जिनियर सिभिल र असिष्टेन्ट सव- इन्जिनियर आर्किटेक्ट छनौट पश्चात नगरपालिकाको वडामा वा तोकिएको अन्य स्थानमा रही नगरपालिकाले तोकेको कामकाज गर्नुपर्नेछ ।

३. बिदा लगायत अन्य सेवा तथा सुविधाको हकमा नगरपालिकासँग हुने करार सम्झौता बमोजिम हुनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत